Received Date: Oct. 2024 Revised: Nov. 2024 Accepted: Dec. 2024

# भट्टारक महायोगी मिलारेपा र नेपाल सम्बन्ध

**कल्पना पराजुली**

लिपि अधिकृत

राष्ट्रिय अभिलेखालय, रामशाह पथ, काठमाडौं ।

इमेल : tilasmiprabhas@gmail.com

Doi: https://doi.org/10.3126/hisan.v10i1.74831

## सार

*नेपालको रसुवा नजिकै तिब्बतको सीमाना केरुङ क्षेत्रको क्याङाचा भन्ने ठाउँमा सन् १०५२ मा जन्मेका थोपागा ( तिब्बती भाषामा सुन्दैमा आनन्द लाग्ने) सिद्ध महायोगी भट्टारक मिलारेपाको नामले प्रसिद्ध भएका थिए । उनले नेपालका विभिन्न पहाडी र हिमाली क्षेत्रहरुमा साधना गरेका थिए । तिब्बतमा जन्मेर नेपालका विभिन्न स्थानमा साधना गरेका मिलारेपाका कारण नेपाल र तिब्बत लगायतका विभिन्न क्षेत्रहरुमा बुद्ध धर्मको विकास र विस्तारमा सघाउ पुगेको थियो । उनका कारण नेपाल-तिब्बत-चीन तथा बुद्ध धर्म मान्ने मानिसहरुका बीच सम्बन्धको नयाँ आयाम थपिएको थियो । यसको प्रभावकै कारण प्राचीनकालदेखि कायम रहेको नेपाल र तिब्बत बीचको सम्बन्धमा धार्मिक सम्बन्धको विस्तार हुन गई यो सम्बन्ध नयाँ उचाइमा पुगको थियो ।*

***शब्दकुञ्जीका* :** बुद्धधर्म, बज्रयान, काग्युपा, मिलारेपा, दोहा (गुर) ।

## परिचय

तिब्वतमा जन्मेर नेपालमा महापरिनिर्वाण भएका सिद्ध योगी मिलारेपालाई आदर गरेर भट्टारक महायोगी आदि विशेषणले पुकारिएको पाइन्छ । तिनै सिद्ध योगी मिलारेपाले आफ्ना गुरु मार्पाको आदेश र आफ्नै साधनाका समयमा आउने संकेतका आधारमा साधनाका शुरुवाती समयमा नेपाल र तिब्वतका विभिन्न स्थानहरुमा ध्यान, साधना र धर्मदेशना गरेका थिए ।

बाल्यकाल सुखमय रहेता पनि पिताको निधन पश्चात उनका आफन्तले असाध्यै दुःख दिएका थिए । त्यसको बदला लिनका लागि आफ्नी आमाको आग्रहमा कुविद्या सिकेर असिना पार्ने, मान्छे मार्ने लगायतका पाप कर्म पनि गरेका थिए । "उक्त कुविद्याको प्रयोग गरेर आफ्ना काकाको छोराको विवाहको अवसरमा ३५ जना मानिसहरुको हत्या गरे । त्यसरी मान्छे मार्ने र असिना पार्ने जस्ता घोर अपराधजन्य कर्महरु गरेर थोगापाको प्रारम्भिक जीवन वितेको थियो" (पराजुली, सन् २०२३ : ५०) । पछि गुरु मार्पाको संगतमा पुगेपछि विभिन्न प्रकारका साधना विधि सिकेर पाप शोधन भए पछि उनले एकै जीवनमा बुद्धत्व प्राप्त गर्न पनि सफल भए ।

हिमाली क्षेत्रमा प्रचलित ञिंमा, काग्यु, साक्य, गेलुग परम्पराहरुमध्ये काग्यु परम्पराका तीन तिब्बती संस्थापकहरुमध्ये मिलारेपालाई एक मानिन्छ (पराजुली, सन् २०२३ : ५२) । ती चार परम्परामध्ये महायोगी मिलारेपा काग्यु सम्प्रदायसँग सम्बन्धित थिए । वर्तमान समयमा नेपाल तिब्वत तथा अन्य विभिन्न स्थानहरुमा समेत यो सम्प्रदाय प्रमुखताका साथ फैलिइरहेको पाइन्छ ।

गुरु मिलारेपाको जन्म सन् १०५२ मा तिब्बतको पश्चिम भागको गुङथाङ प्रदेशको क्याङाचा गाउँमा भएको थियो (शेर्पा, सन् २०१२ : ६३) । यो स्थान अहिलेको केरुङ नजिकै तिब्बती क्षेत्रमा पर्दछ । मिलारेपा शेराव ग्याल्छेनका पुत्र थिए । उनी छोरो जन्मेको खबर सुनेर साह्रै खुसी भएर सबै काम चाडैं सिध्याएर घर फर्के । अति प्रफूल्लित मनस्थितिमा छोराको नाम "थोपागा" (सुन्दैमा आनन्द) राखे (शेर्पा, सन् २०१२ : ६३) । अत्यन्त धनी परिवारमा जन्मेका थोपागाको कुल मिला थियो । तिनै मिला कुलमा जन्मेका व्यक्ति पछि सुतिको बर्को (रे-भोट भाषामा) मात्र ओढेर हिमालमा बस्न सक्ने व्यक्ति (पा-भोट भाषामा) भएपछि मिलारेपा नामले चिनिए (पराजुली, २०७१ : ६१) । यसरी थोपागा नै पछि मिलारेपा नामले परिचित भएका थिए । तिब्बती भाषामा रे भन्नाले सुतीको बस्त्र र पा भन्नाले धारण गर्नेवाला भन्ने हुन्छ । उनको नामको अगाडि भट्टारक, जेचुन, योगेश्वर जस्ता पदवी जोडेर उनलाई सम्बोधन गर्ने गरिएको पनि पाइन्छ ।

मिलारेपाले भोटको ल्होढाक भन्ने ठाउँमा गएर मार्पा लोचावा छोक्यीलोडो (सन् १०१२-१०९७) सँग ६ वर्ष ८ महिना बसेर चक्रसंवर, हेवज्र, महामाया, चतुःपीठ, गुह्यसमाज जस्ता तन्त्रहरुको अभिषेक, आगम र निर्देशनहरु लिएका थिए (राम, सन् १९७८ : १११) । साथै महामुद्रा तथा नारोपाका षडधर्महरुको पनि उपदेश लिएर नेपाल र तिब्बतका हिमाली गुफाहरुमा ४० वर्ष जति कठोर तपस्याकासाथ ध्यान गरे ।

अधिकांश समय सिस्नुको झोलमात्र खाएर नाममात्रको कपडाले जीउ छोपेर हिमाली क्षेत्रका गुफाहरुमा बसे । घर वा विहार (गोन्पा) मा नवसी घुमन्ते योगीको जीवन बिताए । घरजम पनि गरेनन् र भिक्षु भएर गोन्पामा पनि बसेनन् । उनका अभ्यास पद्धतिबाट प्रभावित भएर धेरै मान्छेहरु उनका चेलाचेली भए । उनीहरुले पनि मिलारेपा जस्तै गुफामै बसी ध्यान गरेर उच्च स्तरको बोध प्राप्त गरे । पच्चिस योगी चेलाहरुमध्येका केहीले मिलारेपाका वज्रगीतहरुको संकलन गरी तिनीहरुकै आधारमा मिलारेपाको जीवनी पनि लेखे (पराजुली, २०६७ : १६०) । यसरी मिलारेपाका चेलाहरुबाट उनको जीवनी लेखन कार्य शुरु भयो ।

मिलारेपाले आफ्नो जीवनकालमा साधना गरेका ती विभिन्न स्थलहरु वर्तमान समयमा खासगरी बौद्ध मार्गीहरुका लागि पवित्र तीर्थस्थलका रुपमा रहेका छन् । उनले दिएका धर्म देशना आदिका कारण अहिले नेपाल तिब्वत लगायत विश्वभरका बौद्धमार्गीहरु लाभान्वित भइरहेका छन् । ती साधना स्थल तथा उनको उपदेशले विभिन्न जात, जाति, समुदाय र राष्ट्रहरु समेतलाई एकापसमा जोड्ने काम पनि गरिरहेको छ । प्रस्तुत अध्ययनको उद्देश्य भट्टारक महायोगी मिलारेपा र नेपाल सम्बन्धका बारे खोज अध्ययन गर्नु रहेको छ ।

## अध्ययन विधि

यो अनुसन्धानात्मक लेख गुणात्मक विधिमा आधारित रहेर तयार पार्ने क्रममा मिलारेपा र उनको समुदाय काग्युपामा संलग्न गुरुहरु, रिम्पोर्छे, खेन्पो, लोचवा, लामा तथा विभिन्न साधकहरुसँग प्रत्यक्ष अर्न्तवार्ता र मिलारेपा तथा बौद्ध धर्म सम्बन्धी विभिन्न प्रकाशनहरुको सहयोग लिइएको थियो । यस्ता स्रोतहरु विभिन्न पुस्तकालय र निजी संकलनबाट उपयोग गरिएको छ । त्यसरी प्राप्त स्रोतका आधारमा वर्णनात्मक लेखन शैली अवलम्बन गरिएको छ ।

## स्रोत विश्लेषण र निष्कर्ष

### तिब्बतमा साधना

तिब्बतको ल्होढाग भन्ने स्थानमा मार्पा (सन् १०१२-१०९७) लोचापा-अनुवादक नामक बौद्ध गुरु भेटेर बौद्ध धर्मको अभ्यास गर्न थाले (राम, सन् १९७८ : १२२) । मार्पाले लगभग २१ वर्ष नेपाल र भारतको भ्रमण गरी भारतीय गुरुहरु नारोपा, मैत्रीपा, कुक्कुरिपा तथा नेपाली पिण्डपा, चिथार्पा र फम्थिङ्पाबाट बुद्ध धर्मको शिक्षा दीक्षा लिई अभ्यास गरेका थिए । एघारौँ शताब्दीमा उत्तरी भारत र काठमाण्डौँ उपत्यकामा प्रचलित वज्रयान बौद्ध धर्मका संस्कृत, अपभ्रंश आदि भाषाहरुमा लेखिएका ग्रन्थहरुको तिब्बती भाषामा उल्था गर्नमा मार्पाको उल्लेखनीय स्थान छ । यिनै मार्पा गुरुको सेवा गरी मिलारेपाले वज्रयानको उच्चतम अभ्यास महामुद्रासँग सम्बन्धित उपदेश समेत प्राप्त गरे । मार्पाका छोराका लागि मिलारेपा एक्लैले बनाएको सेखार गुथोग नामक नौतले भवन तिब्बतको न्यानाङमा अहिले पनि छँदैछ । त्यसैको प्रतिस्वरुप भक्तपुरको महामञ्जुश्री क्षेत्रमा बनाइएको छ, जहाँ मिलारेपाले एघारौँ शताब्दीमा ध्यान गरेका थिए (पराजुली, २०७१ : ६२) । यहाँ तीन बर्षे गुफाबास (साधना) कार्यक्रम संचालन हुन्छ ।

### मिलारेपाको धर्म देशना

मिलारेपाले सिद्धि पाइसकेपछि दोहा (एक प्रकारको गीत)का माध्यमबाट धर्म देशना दिएको पाइन्छ । मिलारेपा बाल्यकालदेखि नै सुमधुर स्वरका धनी थिए । आमासँग गाउँमा हुँदा गीतमा मस्त भएर हिँड्दा दु:खी आमाको मन रोयो । तँ यस्तो दु:ख परेको बेलामा पनि खूब गीत गाउदै हिँड्ने हैन ? कसरी सकेको ? भन्दै पिटिन् । उनी त्यस पछि रोएर आफैं मूर्छा परेकी थिईन् । मार्पा गुरुसँग उपदेश पाएर ध्यान गर्ने क्रममा हिमालयका गुफा र कन्दराहरुमा मानिसहरु भेट्दा पनि गीतमै उपदेश दिने गर्थे । गाउँलेहरुले ती गीत कण्ठस्थ पारेर गाउने गर्थे । वज्रयान पद्धतिको उच्चतम अवस्थामा महामुद्रा सिद्धि गरे पछि उनी आफूले बोध प्राप्त गरेका अनुभूतिहरुलाई दोहाको रुपमा स्थानीय लोकगीतको भाका मार्फत गाएर उपदेश दिन्थे । भारतीय महासिद्धहरुले आफ्ना बोधका अनुभूतिहरुलाई दोहा मार्फत नै अभिव्यक्त गरे जस्तै तिब्बती सिद्धहरुले गुरको रुपमा व्यक्त गर्ने प्रचलन छ। यद्यपि यो ठ्याक्कै संस्कृत दोहाको नियममा बाँधिएको भने पाइदैन ।

त्यसैले मिलारेपाको दोहा वा धार्मिक गीतलाई तिब्बती भाषामा मिलाही गुर्बुम् भनिन्छ । जात्राहरुमा गाइने गीतहरुलाई तिब्बती भाषामा शे वा लु भनिन्छ । यसैबाट तामाङ भाषामा सेलोको प्रचलन चलेको हुनसक्छ । यस सन्दर्भमा मिलारेपाका गीतहरु लोकगीत नभएर लोकगीतका भाकामा गाइएका दोहाहरु हुन् जसमा दार्शनिक शब्दहरुलाई उपमाहरूको प्रयोगबाट मिठासयुक्त बनाइएको हुन्छ ।

### मिलारेपा र दोहा

नालन्दा विशाल शब्द सागर अनुसार दोहा भनेको मात्रिक छन्दमा लेखिने रचना हो जसमा चार चार चरण वा पाउहरु हुन्छन् । यसलाई दुई पङ्तिहरुमा लेखिन्छ । यसको पहिलो र तेस्रो चरणहरुमा १३/१३ मात्राहरु हुन्छन् भने दोस्रो र चौथो चरणहरुमा ११/११ मात्राहरु रहन्छन् । दोस्रो र चौथो चरणमा तुकान्त मिल्नु पर्दछ । त्यस्तै संकिर्ण रागको एक भेदलाई पनि दोहा भनिन्छ (नवलजी, २०१३ : ६२४) । दोहा गाउन मिल्ने खालको हुन्छ ।

सामान्यतया बौद्ध धर्ममा सहजयानका सिद्धहरुका अनुभूतिजन्य काव्यात्मक अभिव्यक्तिलाई दोहा, सोरठा पादकुलक,अडिल्लवदनक, गाथा (आर्या), रोला, उल्लाला, महानुभाव र मरहट आदि छन्दहरुमा व्यक्त गर्ने

गरेको पाइन्छ भने यसमा पनि दोहा छन्द नै मुख्य रुपमा प्रयोग भएको पाइन्छ (जैन, सन् २००७ : ३३) । दोहा गाउन मिल्ने गरी रचना गरिएको हुन्छ । सामान्यतया बौद्ध वाङ्मयमा वज्रयानका सिद्धहरुका बोधका स्वतः स्फुर्त गीतहरुलाई दोहा वा चर्या गीति र चर्या पद भनिन्छ । जसमा प्रकृति र ग्रामीण जीवनका दृष्टान्तहरु प्रयोग गरिएको हुन्छ । दोहा गाएरै उपदेश दिने तरीका यस परम्पराका सिद्धहरुमा रहेको पाइन्छ ।

## मिलारेपा र नेपाल

खेन्पो कर्मा ग्युर्मेका अनुसार आफ्ना गुरु मार्पाले बुद्धको भविष्यवाणी अवतंशकमा वताइएको कारण नेपालका विभिन्न पवित्र तिर्थस्थलहरुमा ध्यान गर्न पठाएका थिए (खेन्पो कर्मा ग्युर्मेसँग मिति २०८१।०६।१९ मा लिएको अन्तरवार्ताका आधारमा) । यसरी मिलारेपा नेपालका विभिन्न स्थानहरुको भ्रमण गरेका थिए ।

मिलारेपाले सिन्धुपाल्चोक जिल्लाको हेलम्बु गाउँपालिकामा रहेको ताग्फुग सेङ्गे जोङ गुफामा लामो समयसम्म तपस्या गरेको कुरा प्रसिद्ध छ । त्यस्तै भक्तपुर, मनाङ, उत्तरी गोर्खाका नुव्री र चुम, मुस्ताङ, नुवाकोट, रसुवा र दोलखाको लाब्ची क्षेत्र मिलारेपाले तपस्या गरेका थिए । चुमपारिको ढाग्कार तासो क्षेत्रमा मिलारेपालाई महामुद्रा सिद्धि भएको थियो । त्यसपछि पनि उनले तिब्बतको दिङ्री, कैलाश, डिन, न्यालाम, छुवार आदि क्षेत्रहरुमा तपस्या गर्दा धेरै चेलाहरु बन्न पुगे । तीमध्ये रेछुङ् दोर्जे ढाग् नामक मन्त्रधर र दाग्पो लार्जे गम्पोपा नामक भिक्षुहरु उनका प्रमुख चेलाहरु भए ।

## मिलारेपा र भक्तपुर

मिलारेपाका शतसहस्र दोहा (मिला गुर्बुम) मा मिलारेपाको भक्तपुर यात्राको प्रसंग दिइएको छ । यहाँ खोखोम भन्नाले ख्वप देश भक्तपुर (भादगाउँ) भन्ने बुझ्नु पर्दछ । तिब्बती भाषामा कान्तिपुर (काठमाण्डौं) लाई याम्बु, ललितपुर (पाटन) लाई येराङ र भक्तपुर (भादगाउँ) लाई खोखोम भनिन्छ । हुन त मिलारेपाको समय अर्थात एघारौं शताब्दीमा तीनवटा अलग अलग देशहरु नभएकाले समष्टिमा नेपाललाई भाल्युल मात्र भन्ने चलन रहेको पाइन्छ । तर पन्ध्रौं शताब्दीमा चाङ् न्योन हेरुकले नेपाल आउँदा भने तीन देशहरुमा अलग अलग राजा (ग्याल्पो) हरु भइसकेकाले उनले नै खोखोम ग्याल्पो (भक्तपुरका राजा) भनेको हुनसक्छ ।

मिलारेपा ध्यानमा मग्न भई लामो समयसम्म बसिरहन्थे । त्यो समयमा उनी यस लौकिक संसारबाट माथि उठिसकेका थिए । उनका जीवनमा अनेकौं आश्चर्यजनक घटानाहरु घटेको पाइन्छ जसका बारेमा केही शिकारीहरु अचम्म मान्दै कुरा गर्दै जाँदा पहाडको फेदमा ख्यीरारेपा नामक व्यक्तिले उनीहरुको कुरा सुनेर ती व्यक्ति त मेरा गुरु हुन् भनेछन् र उनले मिलारेपाको मृग, कुकुर र शिकारीसँग भएको घटनालाई उनीहरुका अगाडि बताए छन् तथा आफू मिलारेपाको कारण धर्म अभ्यासी भएको पनि बताएछन् । यो कुरा सुनेर शिकारीहरुमा पनि मिलारेपाप्रति अगाध श्रद्धा पैदा भएछ । यसरी मिलारेपाको ख्याति नेपालभर फैलिदै गएको देखिन्छ ।

मिलारेपाको ख्याति सुनेर पाटन (येराङ) र भक्तपुर (खोखोम) का राजाहरुले पनि आश्चर्यचकित हुँदै श्रद्धाले युक्त भए भनिएको छ । त्यही बेलामा भक्तपुरका राजालाई तारादेवीले नेपालको दक्षिण दिशाको पर्वत न्यीश्याङ कात्याको गुफामा रहेका दश भूमिका महाबोधिसत्व भोटका योगीलाई दरबारमा बोलाऊ भनी अह्राएछन् । यदि उनी आउन मानेनन् भने तिम्रो भण्डारमा भएको काशीको सुती वस्त्र, विजय हर्रो (अरुर नाम्ग्याल) चढाऊ । अहिले र पछिका जीवनहरुमा धेरै फाइदा हुनेछ भनिछन् । यस्तो भविष्यवाणी पछि राजाले पनि भोटभाषा

जान्ने दूत मिलारेपालाई भेट्न पठाए । राजाले पनि मिलारेपालाई यहाँ बोलाउन सकिन्छ कि भनेर भोट भाषा जान्ने दूतहरुलाई पठाएछन् । "जाऊ, मिलारेपालाई यहाँ आउने निमन्त्रणा दिउ भनी पठाएछन् । उनलाई यहाँ बोलाउन सकिन्छ कि हेर भनी पठाएछन् । यदि उनलाई यहाँ बोलाएर ल्याउन सकेनौ भने यी दुइटा उपहारचढाउनु भन्दै राजाले उसलाई काशिका बस्त्र र विजयी आरुर (हरितक हर्रो) जडीबुटी दिएर (फेरी) पठाइदिएछन् (शाक्य, २०८० : ३८५) । यसरी भक्तपुरका राजाले मिलारेपालाई दरबारमा आउन निमन्त्रणा गरेको उल्लेख पाइन्छ ।

भक्तपुरका राजाले पठाएका दूतले मिलारेपाले यो जीवनका सबै सांसारिक कुराहरु त्यागेको देखेपछि आश्चर्यचकित भई श्रद्धाले युक्त भएछन् । मिलारेपा यिनै हुन् भन्ने पक्का भए पनि निश्चित गर्नका लागि यसरी उनलाई प्रश्न सोधेछन् कि गुरुजी, तपाईंको नाम के हो ? खानपिनका सामग्री विना यस्तो ठाउँमा बस्दा गाह्रो हुन्न र ? आवश्यक सामग्रीहरु सबै त्याग गर्नाका उद्देश्यहरु के हुन् ? आदि । मिलारेपाले दूतलाई यस्तो उत्तर दिएछन् कि म मिलारेपा नामक तिब्बती योगी हुँ । सामग्री नहुनेलाई दु:ख पनि हुन्न भन्ने मान्यता भएकाले यस्तो गरेको हुँ भन्ने उत्तर दिएछन् (शाक्य, २०८० : ३८४) । यसको विषयमा उनले एउटा दोहा ( गीत) गाएछन् । पछि उक्त दूतले भक्तपुरका राजाकहाँ गएर सबै वृतान्त सुनाएछन् ।

दूतका त्यस्ता कुरा सुनेपछि राजामा पनि श्रद्धा पैदा भएकाले मिलारेपालाई भेटेर यहाँ आउनका लागि अनुरोध गर भनी पठाएछन् । यदि आउन मानेन् भने यो काशीका बस्त्र र विजय हर्रो चढाऊनु भनी दूतलाई भनेछन् । मिलारेपालाई भेट्न भक्तपुर र पाटनका राजाले बोलाउन पठाएकाले दूतले उनलाई दरबारमा जाऊँ भनी अनुरोध गर्दा मिलारेपाले यस्तो उत्तर दिए-सामान्यतया म गाउँमा गएर मानिसहरुसँग परिचय गर्दिन । विशेष गरी राजाहरुसँग भेट गर्ने तरिका थाहा छैन । भोजन र पेयपदार्थको भोग गर्न मलाई आउँदैन । धर्म अभ्यासी भोक र जाडोले मरेको कुनै इतिहास छैन । राजाको संगत गर्ने व्यक्तिले आफ्नो गुरु छोड्न सक्छ । म लोढाग् मार्पाको उपदेश अनुसार अभ्यास गर्ने व्यक्ति भएकाले त्यहाँ जान्न । तिमी फर्केर जाऊ भनी उत्तर दिएछन् ।

दूतले फेरी महाराजले पठाएर एउटा जोकि (योगी) लाई बोलाउन खुट्टा दुखाएर आएको छु । रित्तो हात कसरी जानु ? भन्दा मिलारेपाले म पनि महाचक्रवर्ती राजा हुँ । मभन्दा खुसी, शक्तिशाली र धनी राजा कुनैपनि छैनन् भनी उत्तर दिएछन् । दूतले फेरी चक्रवर्ती राजाको राज्यमा सात रत्न हुन्छन् । तपाईं एउटा जोगी हुनाले कुनै राजाभन्दा महान् र धनी भएको देखाउनुहोस् भनी प्रश्न गरेछन् (शाक्य, २०८० : ३८४) । मिलारेपाले सांसारिक राजा र मन्त्रीहरुले पनि मैले जस्तै अभ्यास गरेमा उत्तम राजा हुनेछन् भनी बताएछन् ।

मिलारेपाले सात रत्नलाई सात आर्य धनसँग दाँजेर दोहा (गीत) गाएछन् । यसमा चक्र रत्नलाई श्रद्धा धनसँग, मणि रत्नलाई प्रज्ञा धनसँग, स्त्री (रानी) रत्नलाई शील धनसँग, अमात्य रत्नलाई समाधी धनसँग, हस्ति रत्नलाई ह्री (लज्जा) धनसँग, अश्व रत्नलाई (साहस) वीर्य धनसँग र सेनानी रत्नलाई श्रुति (अध्ययन) धनसँग समन्वय गरेर ती आर्यधन आफूसँग भएकाले चक्रवर्ती राजाभन्दा सुखी, शक्तिशाली र धनी भएको भावसहितको दोहा (गीत) सुनाएपछि यिनी त साँच्चिकै धर्मपद्धति रहेछन् भन्ने विश्वास दूतमा पैदा भएछ । त्यसपछि दूतले यो वास्तविक कुरा हो भन्दै राजालाई भेट्न दरबारमा आउन नमिल्ने हो भने राजाले पठाएका यी दुई बहुमूल्य कुराहरु लिनुस् भनी काशीका सुती बस्त्र र विजय हर्रो चढाएछन् । मिलारेपाले पनि दुई उपहार लिएर राजाप्रति पुण्य परिणामना गरेछन् । राजादेखि रङ्कसम्म सबैले चिने पनि मिलारेपा मानव वस्तिमा आकर्षित नभएको देखिन्छ । पछि एउटा गीतमा भक्तपुरका राजाले पठाएको उक्त काशिका नामको सुती बस्त्र

आफ्नो उच्चस्तरको ध्यान चण्डाली (तुम्मो) मा प्रयोग गरेको र हर्रो चढाएको कारणले भक्तपुर र पाटनमा सात वर्षसम्म कुनै प्रकारको रोग लाग्ने छैन भनी मिलारपाले कामना गरेको उल्लेख पाइन्छ ।

तत्कालिन भक्तपुरका राजाले पठाएका दूत र मिलारेपाको भेट भएको स्थान हालको चाँगुनारायण नगरपालिका अन्तरगत सुडाल क्षेत्रको ल्हासा पाकु डाँडाको महामञ्जुश्री स्थान थाकलमठ हो भनेर तिब्बती विद्वानहरुले लेखेको पाइन्छ । तिनै तिब्बती रचनाहरुका आधारमा ठाङ्ग रिन्पोछे नामक गुरुले मिलारेपाले बनाएको शेखार गुथोग भवनको आकृति भएको ध्यान केन्द्र बनाई तीन वर्षे गुफाबास कार्यक्रम चलाएका थिए । ठाङ्ग शेखार रिट्रिट केन्द्र काठमाण्डौं उपत्यकाको पूर्वी पाखोमा अवस्थित रहेको छ जुन तिब्बती योगी मिलारेपाले ध्यान गरेको गुफाको ठिक तल्लो भागमा रहेको पाइन्छ ।

शेखार गुथोग भवन एघारौं शताब्दीमा मिलारेपाका मूल गुरु (चावाइ लामा) मार्पा लोचावा (लोक चक्षु पाद) ले आफ्ना चेला मिलारेपाले पैंतीस जना मान्छेहरुको एकै चिहान पारेको र असिना वर्षाएर अन्न बाली नष्ट पारी अरुको अहित हुने धेरै नै कडा खालको अकुशल कर्म गरेको कारणले गर्दा प्रायश्चित्त स्वरुप उनको पाप कट्नका लागि उनलाई मार्पाले कठोर परीक्षा लिई रहन्थे भनी उल्लेख गरेको पाइन्छ । यसै क्रममा यो मेरो छोरा धार्मा दोदेको लागि एउटा भवन बनाइदेऊ भनेर दूतलाई भनेको कुरा पनि उल्लेख गरेको पाइन्छ ।

त्यो भवन उनी एक्लैले बनाएका थिए भन्ने भनाई रहेको पाइन्छ । त्यो पनि बडो कष्टले ढुंगा, माटो, पानी, काठ आदि आवश्यक सामान आफैंले ल्याएर बनाई सक्न सक्न आँटेको समयमा मार्पा आएर एकदमै क्रुर शैलीमा गाली गर्दै तँलाई यहाँ कस्ले यो भवन बनाउनु भन्यो र बनाइस् । यो ढुंगा, माटो जहाँबाट ल्याएको हो त्यही स्थानमा लैजा अनि अर्को बना भनी हप्काएछन् । त्यसपछि बल्ल म उपदेश र अभिषेक दिउला नत्र मैले भारतमा गएर त्यतिका सुन चढाएर ल्याएको उपदेश त्यति सजिलै दिन्छु भन्दै तीन पल्टसम्म भत्काउँदै फेरी शुरुदेखि बनाउन लगाएछन् ।

यस्ता कठिन परिस्थितिमा पनि उनले गुरुको आज्ञा पालन गरिरहेछन् । मिलारेपालाई गुरुले त्यस्तो व्यहार गर्दा पनि उनको गुरु भक्ति कहिल्यै पनि डगमगाएनछ । गुरुप्रतिको श्रद्धामा कहिल्यै कमी आएनछ । घर बनाउने क्रममा रातदिन ढुंगा र माटो बोक्दा-बोक्दा शरीरभरी घाउ भएर उनको शरीरबाट पीप र रगत बगिरहन्थ्यो । उनी हारखाएर आत्महत्या गर्नसम्म तयार भएका थिए । तर त्यसो भए पनि उनमा गुरुप्रतिको श्रद्धा कहिल्यै गुमेनछ । अन्ततोगत्वा उनले गुरुलाई खुशी पारेर उपदेश पाएरै छाडेछन् । उनले हिमाली क्षेत्रका गुफा र कन्दराहरुमा बडो कष्टकासाथ अल्पहारी भई तपस्या गरिरहेछन् । साधनाका क्रममा रहेको हुँदा उनी अलिकति सातु (चाम्पा) खाने गर्दथे र नहुँदा सिस्नु उमालेर पिउँने गर्दथे । जसले गर्दा उनको पुरै शरीर हरियो भएको थियो (अधिकारी, २०७४ : १०२) । यसरी कठोर मिहिनेत गरी तपस्या गर्दा गर्दा अन्तमा उनी सिद्ध भएछन् ।

बौद्ध धर्मको जगतमा यस्ता धेरै सिद्धहरु छन् । तर मिलारेपाले एकै जुनीमा धेरै पाप गरेको र कठोर तपस्या गरेर एकै जुनीमा सिद्ध सिद्धि प्राप्त गरेकाले उनको स्थान बेग्लै रहेको पाइन्छ । उनको परिवारलाई चरम यातना दिने उनका काका र फुपू पनि पछि आफूले गरेका कुकृत्यको पश्चाताप गर्दै उनको तपस्याबाट प्रभावित भई माफी मागी सत्धर्मको मार्गमा लागेको उल्लेख छ (पराजुली, २०७५ : घ) । उनको कुभलो चहानेहरु पनि पछि उनको मार्गमा लागेको उल्लेख गरिएको पाइन्छ ।

## मनाङमा मिलारेपा

महायोगी मिलारेपाले मनाङमा पनि साधना गरेको र धर्म देशना गरेको प्रसंगहरु पाइन्छन् । यिनले भक्तपुर, गोसाईंकुण्ड, हेलम्बु, लाङटाङ, गोरखा, दोलखा, मनाङ आदि क्षेत्रका गुफाहरुमा बसेर तपस्या गरेका थिए ( अधिकारी, २०७४ : १०१) । मिलारेपा तिब्बतबाट आफ्ना चेलाहरुलाई त्यही छाडेर तत्कालिन तिब्बत नेपालका सीमा क्षेत्रका हिमाली गुफाहरुमा साधनाका लागि आएको देखिन्छ । "भट्टारक मिलारेपाले आफ्ना हृदय पुत्रहरुलाई उनीहरुका आ-आफ्नै पर्वत गुफामा प्रतिष्ठित गरी आफू नेपाल र तिब्बत बीचको सिमानामा अवस्थित ञ्यिश्याङ् गुरता नामक अरण्यस्थानतर्फ हिडेका थिए (शाक्य, २०८० : ३६५) । मिलारेपाको मनाङमा आगमनको कुरा अर्को सानो पुस्तिकामा पनि यसरी लेखिएको पाइन्छ कि नेपाल र तिब्बत दुई देशको सीमानास्थित न्यीस्याङ गुर्ता नामक एकान्तस्थल रहेको छ जुन उच्च पर्वतमा अवस्थित छ (कर्मा, २०७६ : १) । यही स्थानमा भएको गुफामा मिलारेपाले साधना गरेको कुरा उल्लेख गरिएको पाइन्छ ।

मनाङबासीहरुले आफूहरुलाई ञ्येशाङ्पा पनि भन्दछन् । उक्त गुफामा कुकुर, हरिण र शिकारीका साथमा भट्टारक मिलोरपाको प्रतिमा पनि स्थापित गरिएको पाइन्छ । त्यस नजिकैको एउटा पहाडी खोँचमा ख्यिरा रेपाको भनिने धनुष पनि अड्केको देखिन्छ (शाक्य, २०८० : ३७९) । यो स्थान हालको मनाङ जिल्लामा पर्दछ । वर्तमान समयमा त्यहाँ मिलारेपा पार्क पनि बनाइएको छ ।

## मुस्ताङ र मिलारेपा

त्यतिबेला मिलारेपाले तपस्या गरेका ठाउँहरु वर्तमान नेपालका विभिन्न क्षेत्रहरुमध्ये मुस्ताङ पनि एक थियो । मुस्ताङको इतिहासका बारेमा लोवो लोग्यु मोल्वा नामक तिब्बती भाषामा लेखिएको पुस्तकमा तिब्बतबाट नेपालमा आएका विद्वानहरुको वर्णन गर्दै मिलारेपाका बारेमा पनि वयान गरिएको छ । मिलारेपा कैलाश जाने क्रममा एक वर्ष उपल्लो मुस्ताङ क्षेत्रमा बसेको कुरा उक्त पुस्तकमा उल्लेख गरिएको पाइन्छ । मिलारेपालाई मुस्ताङबाट विदा गर्ने क्रममा नेपाल र चीनको सीमा क्षेत्र कोरोला भञ्याङमा मुस्ताङी साधक खार्छुङ रेपासँगको सम्बाद उल्लेख गरिएको पाइन्छ जसमा खार्छुङ रेपाले सोधेका प्रश्नको मिलारेपाले बुद्ध धर्मका सारभूत कुराहरु समेटेर गीत मार्फत उपदेश दिएका पाइन्छ जसमा उनले "म एउटा मानव हुँ । म भोटको योगी हुँ । म मिलारेपा हुँ । मेरो पढाई कम भए पनि मेरो उपदेश महान छन् । यसलाई राम्ररी सुन (जिग्मे, सन् २०२४ : १४६) । मिलारेपाले गीत अर्थात् दोहाका माध्यमबाट यसरी उपदेश दिने गर्दथे ।

त्यस्तै अर्का लेखक डेभिड पि.ज्याकसनले मोल्लाज अफ मुस्ताङमा त्यो समयमा मुस्ताङमा तिब्बती विद्वानहरु को-को आए भन्ने बारेमा उल्लेख गरिएको छ । उक्त पुस्तकमा मिलारेपा र मुस्ताङी राजाका वंश एकै ( ख्युङ्पो) वंशका हुन् भन्ने वयान गरिएको छ । वंश चार्टको ५३ औं पुस्तामा मिलारेपाको नाम उल्लेख भएको पाइन्छ (ज्याक्सन, सन् १९८४ : ११८) । उक्त पुस्तकमा मिलारेपा र मुस्ताङी राजा दुवैको वंश एकै थियो भनी उल्लेख गरिएको पाइन्छ ।

## दोलखा र मिलारेपा

महायोगी मिलारेपाले नेपालका विभिन्न क्षेत्रहरुमा भ्रमण गरेका, साधना गरेका र धर्म देशना गरेका कारण वर्तमान सयमा ती क्षेत्रहरु धार्मिक तीर्थस्थल र साधनास्थल बनेका छन् । यी सवै स्थानहरुमध्ये दोखलाको वेग्लै महत्व रहेको पाइन्छ । लाब्छी छुवार क्षेत्रमा उनको महापरिनिर्वाण पनि भएकाले यसको विशेष स्थान

रहेको हो । हिमाली तिब्बती बौद्ध धर्म अन्तरगत संचालित चार सम्प्रदायहरु - ञिंमापा, काग्युपा, साक्यपा र गेल्युक्पा रहेको थिए । ती चार सम्प्रदायहरुमध्ये महायोगी मिलारेपा कार्ग्युपा सम्प्रदायसँग सम्बन्धित थिए ।

सन् १०१२ मा तिब्बतमा मरतोन छ्योकी ल्हाडोको जन्म भएको थियो । उनले बौद्ध धर्म अध्ययनका लागि तीन पटक भारत गई नरोपा, मैत्रीपा आदि बौद्ध महापण्डित गुरुहरुसँग बसी अनेक प्रामाणिक बौद्ध ग्रन्थहरुलाई अनुवाद एवम् व्याख्या गरेका थिए । त्यो समयमा भएको प्रवर्तित तथा जेजुन मिलारेपा एवम् ञम्मेद दाग्पाल्हाजे आदि महापुरुषद्वारा संवर्द्धित परम्परालाई काग्यु भनिन्छ (प्रेक्षित, २०७९ : ६५२-६५३) । त्यो समयमा मिलारेपाका चेला गाम्पोपा र उनका चेलाहरुले काग्युपा परम्पराको विस्तार गरेका थिए ।

वर्तमान समयमा गुम्बा व्यवस्था तथा विकास समितिमा दर्ता भएका काग्युपा गुम्बाहरुको संख्या जम्मा १६६ वटा रहेको पाइन्छ (लामा, २०६३ : १८६-२७४) । तिब्बतका १७ औं कर्मपा यही वंश परम्पराका प्रमुख गुरु थिए । उनलाई अवतारी परम्परा अनुसार पदस्थापन गरिएको थियो । तिब्बत र नेपालका केही जिल्लाहरु, भारतको लद्दाख तथा भुटानमा यो सम्प्रदाय व्यापक रुपमा फैलिएको पाइन्छ । भुटान सरकारले मानेको पनि यही सम्प्रदाय अर्न्तगत डुक्पा कर्ग्युपा हो । दोलखाको लब्छ्यी गोन्पा, विगु आनी गोन्पा, काठमाण्डौंको दाब्जाङ गोन्पा, पोखराको स्याङ्पा गोन्पा र सिक्किम गण्टुकको कर्मपा गोन्पाहरु यस सम्प्रदायका ठूला गोन्पाहरु हुन् ( लामा, २०६३ : २४) । यसरी यो सम्प्रदायको व्यापक प्रचार पसार हुनमा मिलारेपालको महत्वपूर्ण योगदान रहेको देखिन्छ ।

## निष्कर्ष

भट्टारक महायोगी मिलारेपाका साधना र कर्म गरेका नेपाल र तिब्बतका ती क्षेत्रहरु उनले संचालन गरेको सम्प्रदाय काग्युपा तथा अन्य बौद्ध साधक साधिकाहरुका लागि पवित्र तीर्थ तथा साधना स्थलका रुपमा रहेका छन् । वर्तमान समयमा गुम्बा व्यवस्था तथा विकास समितिमा दर्ता भएका काग्युपा गुम्बाहरुको संख्या जम्मा १६६ रहेको छ । यस तथ्यले पनि नेपालमा मिलारेपा र उनले विस्तार गरेको सम्प्रदायको उपस्थिति दरिलो देखिने गरेको पाइन्छ । कतिपय गुरु आज्ञा, उनको सपनामा आउने संकेत र कतिपय ती पवित्र स्थलहरुमा जाने क्रममा पनि बीच-बीचमा पर्ने स्थलहरुमा उनले ध्यान साधना गरेको पाइन्छ । जीवनको शुरुवाती समयमा अनेकौं पाप कर्म गरेका मिलारेपाले गुरु मार्पालाई भेटिसकेपछि गुरुको आज्ञा र शिक्षा अनुसार साधना गरी पाप शोधन भएर एकै जीवनमा बुद्धत्व प्राप्त गर्न सफल भएको पाइन्छ । अनेकौं चामत्कारीक सिद्धि प्राप्त गरेका मिलारेपाले दोहाका माध्यमबाट धर्म उपदेशहरु दिने गरेका थिए । त्यतिवेला मिलारेपाले तपस्याका लागि प्रयोग गरेका यी स्थानहरु वर्तमान समयमा बौद्धमार्गी तथा अन्य योगीहरुका लागि पनि पवित्र तीर्थस्थलका रुपमा प्रशिद्ध भैरहेका छन् । यी क्षेत्रहरु समाजलाई जोड्ने र बौद्धमार्गी देशहरु र नेपाललाई मैत्रिपूर्ण सम्बन्धको नयाँ आधार बनाउनमा उपयोगी बनेको देखिन्छ ।

## सन्दर्भ सामाग्रीहरुसूची

अधिकारी, बमबहादुर (२०७४). *मनाङको इतिहास र पर्यटनको रुपरेखा.* काठमाडौं : स्वदेश प्रकाशन ।

उपाध्याय प्रेक्षित, जगत (२०७९). *नेपाली दर्शन.* काठमाडौं : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

ज्याकसन, देभिड पि. (सन् १९८४). *मोल्लास अफ मुस्ताङ.* ल्हासा : लाइब्रेरी अफ टिबेटन वर्कस् एण्ड आर्काइभ्स ।

जिग्मे, लोवो ङवाङ (२०२४). *लोवो लोग्यु मोल्वा.* काठमाडौं : मुस्ताङ शाक्य बुद्धिष्ट एशोसियसन ।

जैन भास्कर, भागचन्द्र (सन् २००७). *सिद्ध सरहपादकृत बौद्ध दोहा कोश-गीति. वाराणसी :* सन्मति प्राच्य शोध संस्थान ।

टासी, कर्मा दावा (२०७६). *खिरावा गोन्पो दोर्जे.* काठमाडौं : श्री बौद्ध शिक्षा तथा संस्कृति संरक्षण केन्द्र ।

नवल जी. (सन् २०१३). *नालन्दा विशाल शब्दसागर.* नइ दिल्ली : आदिश बुक डिपो ।

पराजुली, कल्पना (२०७१). *महायोगी मिलारेपाको काठमाण्डौं उपत्यकाको यात्रा.* अभिलेख–३२. काठमाडौं : राष्ट्रिय अभिलेखालय ।

पराजुली, कल्पना (२०७५). *मिलारेपाको नेपाल नाता.* नागरिक दैनिक ।

पराजुली, कल्पना (२०७६).*मिलारेपाका प्रारम्भिक जीवनीहरुको सर्वेक्षण.* अभिलेख–३७. काठमाडौं : राष्ट्रिय अभिलेखालय ।

पराजुली, पुण्य प्रसाद (सन् २०२३). *प्राइस अफ कम्प्यासन रिलिभ्यान्स अफ द बुद्धिजम टुडे.* काठमाण्डौं : डबली थिएटर ।

राम, राजेन्दर (सन् १९७८). *अ हिस्ट्री अफ बुद्धिज्म इन नेपाल.* पटना : स्मृती सविता देवी, जनभारती प्रकाशन ।

लामा (शेर्पा) र खेम्पो, ङवाङ वोशेर (२०६३). *हिमाली क्षेत्रको नेपाली बौद्ध परम्परा.* काठमाडौं : नेपाल र एशियाली अनुसन्धान केन्द्र ।

शाक्य, मिलन (२०८०). *भट्टारक मिलारेपाका शतसहस्र दोहाहरु.* भाग १. भक्तपुर : आनी राज्यप्रभा बुद्धाचार्य (शाक्य) ।

शेर्पा, अनु र छिरिङ निमा (सन् २०१२). *चार महान सिद्धको जीवनी.* दार्जिलिङ : धर्म चक्र कमिटि ।